# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड (सिडिएससि)

**शेयर मार्केटस् कमर्शियल कम्पलेक्स, पुतलीसडक, काठमाडौं**

## पदपूर्ति सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति :२०७४/१२/२७ गते)**

यस लि. मा खुल्ला प्रतियोगिताबाट करारमा देहायको पदपूर्ति गर्नुपर्ने भएकोले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र योग्यता पुगेका तथा कुनै बात कसुर नलागेका इच्छुक व्यक्तिले आफूले प्राप्त गरेको शैक्षिक योग्यता, तालिम, अनुभव र नेपाली नागरिकताको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपी एक एक प्रति, हाल खिचिएको पासपोर्ट साईजको १ प्रति फोटो र आफ्नो शैक्षिक योग्यता तथा अनुभव सहितको व्यक्तिगत विवरण संलग्न गरी यस लि. को कार्यालयमा पेश गर्न आह्वान गरिएको छ। दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट दरखास्त पेश गर्न सकिन्छ। म्यादभित्र दाखिला नभएको र रीत नपुगी आएको दरखास्त उपर कुनै किसिमको कारबाही हुने छैन। दरखास्त फाराम सिडिएससिको वेभसाइट www.cdsc.com.np बाट डाउनलोड गर्न सकिनेछ।

| विज्ञापन नं. | पद | तह | सेवा/समूह | माग पद संख्या | सेवाको प्रकार |
|---|---|---|---|---|---|
| १/०७४-७५ | वरिष्ठ सहायक आई.टी. ईन्जिनियर | पाँचौं | आई.टी. | ८ | करार |
| २/०७४-७५ | वरिष्ठ सहायक | पाँचौं | प्रशासन | १ | करार |
| ३/०७४-७५ | सहायक | चार | प्रशासन | १ | करार |

१. दरखास्त दिने स्थान : सिडिएस एण्ड क्लियरिङ्ग लि., पदपूर्ति समितिको सचिवालय, पुतलीसडक, काठमाडौं।

२. दरखास्त बुझाउने समय : बिहान १०:०० बजेदेखि साँझ ५:०० बजेसम्म।

३. उमेरको हद : दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष उमेर पूरा भै पुरुषको हकमा ३५ वर्ष र महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ।

**४. आवश्यक न्यूनतम शैक्षिक योग्यता :**

(क) प्राविधिक समूह तर्फको पदका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्यूटर विज्ञान तथा सूचना प्रविधिमा कम्तीमा स्नातक उपाधि वा सो सरह उत्तीर्ण गरेको।

(ख) प्रशासन तर्फको वरिष्ठ सहायक पदको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्र, वित्तशास्त्र, व्यवस्थापन वा बाणिज्यशास्त्र, जनप्रशासन वा व्यापार प्रशासन वा कानून वा मानविकी विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको।

(ग) प्रशासन तर्फको सहायक पदको लागि दश जोड दुई (+2) उत्तीर्ण गरेको।

५. प्राविधिक समूह तर्फको पदका लागि Computer Programming, Network Management, Windows or Unix based server management, Web-based Programming and Database Management मा अनुभव भएकालाई विशेष प्राथमिकता दिईनेछ।

६. प्रशासन समूह तर्फको पदका लागि अनुभवीलाई विशेष प्राथमिकता दिइनेछ।

७. अन्तर्वार्ता मार्फत् मात्र परीक्षा लिइनेछ। छनौट भएका योग्य उम्मेदवारहरुलाई मात्र अन्तर्वार्तामा बोलाईनेछ।

८. छनौटमा परेका उम्मेदवारलाई अन्तर्वार्ताको मिति फोन तथा ई-मेलबाट जानकारी गराईनेछ।